दुल्लू नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुल्लू, दैलेख

फोन : ०८९-४११०३९
फयाक्स नं : ०८९-४११०४१

प्रथम पटक प्रकाशित मिति : २०७५/६/२८

## निःशुल्क प्राथमिक स्वास्थ्य सेवाका अत्यावश्यक औषधी तथा सर्जिकल सामग्री खरिद सम्वन्धि शिलवन्दी वोलपत्र आव्हानको सूचना ।

शिलवन्दी वोलपत्र नं. : ०१/०७५/०७६

यस नगरपालिका अन्तर्गत आधारभुत स्वास्थ्य तथा सरसफाई इकाईका लागि अत्यावश्यकीय औषधी तथा सर्जिकल सामग्री खरिदका लागि वोलपत्रका माध्यामवाट खरिद गर्नु पर्ने भएकाले औषधी व्यवस्था विभागवाट इजाजत प्राप्त रजिष्ट्रड फर्म, कम्पनी वा सप्लायर्सहरुवाट देहायका सर्तहरुको अधिनमा रही यो शिलवन्दी वोलपत्रको सूचना आव्हान गरिएको छ ।

**सर्तहरु :**

१) प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औं दिनको (२०७५/७/२६ गते) कार्यालय समय भित्र रु. ३०००/- (अक्षेरुपी तीन हजार मात्र) फिर्ता नहुने गरी यस कार्यालयमा नगदै बुझाएको आम्दानी रसिद, ०७५।०७६ का लागि नविकरण गरिएको सम्वन्धित विषयको कारोवार गर्ने गरी इजाजत प्राप्त कम्पनी वा फर्म दर्ता प्रमाणपत्र, आ.व.०७४।०७५ को कर चुक्ता प्रमाण पत्र वा करमा विवरण पेश गरेको कागजात र नेपाली नागरिकताको प्रमाणपत्रको नोटरी पव्लिकद्वारा प्रमाणित प्रतिलिपिहरु निवेदन साथ संलग्न राखी रु. १० को टिकट टाँसी कार्यालय समय भित्र वोलपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले वोलपत्र खरिद गर्न सक्नेछ ।

२) खरिद गरेको शिलवन्दी वोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको (२०७५/७/२७ गते) १२.०० बजे भित्र शिलवन्दी गरी यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । दर्ता भएको शिलवन्दी वोलपत्र सोहि दिनको २.०० बजे वोलपत्रदाता वा निजका प्रतिनिधिको रोहवरमा खोलिनेछ । वोलपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभएमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन । शिलवन्दी वोलपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

३) शिलवन्दी वोलपत्र दर्ता गर्दा जमानत वापत अनुमानित लागत अंकको ३ प्रतिशतले हुन आउने धरौटी रकम रा.वा.बैंक दुल्लू शाखा स्थित दुल्लू नगर कार्यपालिका कार्यालयको हि.नं. ४३४०३०३००७१०२ मा नगदै जम्मा गरेको सक्कल भौचर वा नेपाल सरकारवाट मान्यता प्राप्त वाणिज्य बैंकवाट यस कार्यालयको नाममा जारी भएको वोलपत्र पेश गर्ने अन्तिम मितिवाट कम्तिमा १२० दिन म्याद भएको विडवण्ड समेत पेश गर्नु पर्नेछ ।

४) वोलपत्रदाताले कवोल गरेको प्रत्येक आईटमको मु.अ.कर वाहेकको इकाई मूल्यलाई अंक र अक्षरमा प्रष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा उल्लेखित रकम फरक परेमा अक्षरमा उल्लेखित रकमलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउँमा सहीछाप गरी फर्म वा कम्पनीको छाप लगाउनु पर्नेछ ।

५) नेपाल सरकारको हितलाई ध्यानमा राख्दै प्राप्त भएका शिलवन्दी वोलपत्रहरु पूर्णरुपमा स्वीकार गर्ने, आंशिकरुपमा स्वीकार गर्ने वा पूर्णरुपमा अस्वीकार गर्ने जस्ता सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । साथै शिलवन्दी वोलपत्रमा उल्लेख भएको औषधीहरुको परिमाणमा थपघट समेत हुन सक्नेछ । यसरी परिमाणमा थपघट भएता पनि वोलपत्रदाताले कवोल गरेकै दररेटमा उपलव्ध गराउनु पर्नेछ । साथै स्वीकृत भएको दररेट २०७६ असार मसान्त सम्मको लागि मान्य हुनेछ ।

६) वोलपत्रदाताले आफुले खरिद गरेको वोलपत्र नै दर्ता गराउनु पर्नेछ । यस कार्यालयवाट प्रमाणित नभएको र एक फर्मले खरिद गरेको वोलपत्र अर्को फर्मले दाखिला गर्न पाउने छैन । साथै छायाँप्रति तयार गरी पेश गरेको वोलपत्रलाई मान्यता दिईनेछैन ।

तेजर [illegible] शर्मा
प्रमुख प्रशासकीय अधिकृत

७) वोलपत्रदाताले दरभाउपत्र साथ आफु खरिद कार्वाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कार्वाहीमा आफ्नो स्वार्थ नवाभिएको र सम्वन्धित पेशा वा व्यावसाय सम्वन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखितरुपमा गरेको स्वघोषणा संलग्न गर्नु पर्नेछ ।

८)वोलपत्रको स्वीकृति समग्र प्याकेजमा नगरी आईटमवाईज वोलकवोल अंक मध्ये न्यूनतम मूल्यका आधारमा गरिनेछ ।

९) औषधीको म्यादको हकमा औषधीहरु दाखिला हुने समयमा कम्तीमा १८ महिनाको Expiry Date बाँकी भएको हुनुपर्नेछ । तर कुनै औषधीको Expiry Date १८ महिना भन्दा कम अवधिको हुने भएमा जम्मा Expiry Date को ७५ प्रतिशत म्याद बाँकी भएको हुनुपर्नेछ ।

१०) म्याद नाघी आएको, रित नपुगेको र सर्त राखि पेश भएको वोलपत्र उपर कुनै कार्वाही गरिने छैन ।

११) सप्लाई हुने औषधी प्रत्येक प्याकिङको वाहिर उत्पादन मिति, Expiry Date, व्याज नं. तथा 'Supply for Ministry of Health Nepal' " **नेपाल सरकारवाट निःशुल्क वितरणका लागि** " भन्ने वाक्यांश उल्लेख हुनुपर्नेछ ।

१२) सप्लाई हुने औषधीहरु WHO GMP प्राप्त कम्पनीवाट उत्पादन भएको हुनुपर्ने छ । स्वदेशी औषधीको हकमा WHO GMP Certificate को प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ । विदेशी औषधीहरुको हकमा औषधी व्यवस्था विभागको पैठारी सिफारिस पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

१३) वोलपत्र खरिद गर्दा कम्पनी वा फर्मको आधिकारीक व्यक्ति स्वयं उपस्थित हुनु पर्नेछ र आफु उपस्थित हुन नसकेमा उक्त संस्थाले आफुले पठाएको प्रतिनिधिको परिचय खुल्ने कागजात, संस्थाको छाप, आफ्नो लेटर प्याडमा शिलवन्दी वोलपत्र खरिद गरि पाउँ भन्ने निवेदन पेश गरेमा वोलपत्र खरिद गर्न सकिनेछ ।

१४) शिलवन्दी वोलपत्र स्वीकृत भएको सूचना प्राप्त भएको मितिले १५ दिन भित्र स्वीकृत वोलपत्रदाताले स्वीकृत रकम (मु.अ.कर) सहितको ५ प्रतिशतको हिसावले हुने जमानत रकम राष्ट्रिय वाणिज्य वैंक दुल्लू शाखा स्थित यस नगर कार्यपालिका कार्यालयको नाममा खोलिएको धरौटी खाता नं.४३४०३०३००७१०२ मा जम्मा गरेको सक्कल भौचर वा वोलपत्र स्वीकृत भएको मितिले कम्तिमा ६ (छ) महिना म्याद भएको नेपाल सरकारवाट मान्यता प्राप्त वाणिज्य वैंकवाट जारी भएको कार्य सम्पादन जमानत (परफरमेन्स वण्ड) साथ सम्झौता गर्न आउनु पर्नेछ । यसरी म्याद भित्र सम्झौता गर्न नआएमा सार्वजनिक खरिद नियमावली २०६४ मा उल्लेख भए अनुसार हुनेछ ।

१५) शिलवन्दी वोलपत्र सम्वन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयको आधारभुत स्वास्थ्य तथा सरसफाई इकाईमा सम्पर्क गरी बुझ्न सकिनेछ ।

१६) यो सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

**१७) कुल इष्टिमेट रकम :**

| सि.नं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | विभिन्न ५१ प्रकारका औषधी खरिद | २८,५०,०००/- (भ्याद सहित) | |
| २ | सर्जिकल सामग्री खरिद | ४,७३,०००/-(भ्याद सहित) | |

( नोट : विस्तृत जानकारीको लागि यस कार्यालयको ***website: www.dullumun.gov.np*** मा समेत हेर्न सकिनेछ ।

तेजराज शर्मा
प्रमुख प्रशासकीय अधिकृत